**REGIONAL NEWS UNIT**

**ALL INDIA RADIO GANGTOK**

**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40hrs** **Date: 25.02.2026**

**राज्य सूचना आयोगका आयुक्तले राज्यपाललाई भेटे**

राज्य भण्डारीले सूचना आयोगका आयुक्त कुबेर आज सिक्किमका राज्यपाल ओमप्रकाश माथुरसँग शिष्टाचार भेट गर्नुभयो। यस अवसरमा सचिव ज्योत्सना कार्थक र अन्य अधिकारीहरू पनि उपस्थित थिए।

राज्य सूचना आयुक्त र अधिकारीहरूले राज्यपाललाई वर्ष 2024-25 को वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै आफ्नो काम र उपलब्धिहरूको बारेमा अवगत गराए।

यसरी नै तिब्बती बसोबास अधिकारी जिम्बा पिन्ट्सो भुटिया र कार्यकारी सदस्यहरूले पनि आज लोकभवनमा श्री ओम प्रकाश माथुरसँग शिष्टाचार भेट गरे। यस अवसरमा प्रतिनिधिमण्डलले लोसार पर्वको अवसरमा राज्यपाललाई शुभकामना व्यक्त गर्यो। राज्यपालले पनि सम्पूर्ण समुदायलाई शुभकामना दिनुभयो। तिब्बती समुदायका गतिविधि, सामाजिक कार्य र अन्य व्यवस्थाहरूको बारेमा जानकारी प्राप्त गर्नुभयो।

**राज्यपालः होली निमन्त्रण**

लोक भवनमा सिक्किमका राज्यपाल ओमप्रकाश माथुरले आज गान्तोक क्षेत्रका विधायक तथा होली उत्सव समितिका प्रमुख संरक्षक डिले नामग्याल बार्फुंगपा, पदाधिकारीहरू एवम मारवाडी समाजका अध्यक्ष सज्जन कुमार अग्रवाल र कार्यकारिणी सदस्यहरूसँग भेटघाट गर्नुभयो। यस अवधिमा, प्रतिनिधिमण्डलले श्री माथुरलाई शुभकामना दिंदै आगामी होली उत्सवमा सामेल हुन आमन्त्रित गर्यो। यो महोत्सव 4 मार्च का दिन एम.जी. मार्ग, गान्तोकमा आयोजना हुनेछ । राज्यपालले निमन्त्रणा स्वीकार गर्नुहुँदै यस सांस्कृतिक महोत्सवको सफलताको लागि शुभकामना व्यक्त गर्नुभयो ।

**स्वच्छ भारत मिशनले सोकेथाङमा सरसफाइ अभियान सञ्चालन गर्यो**

स्वच्छ भारत मिसनको एक भागको रूपमा, सिक्किम सरकारको श्रम विभागले आज सिक्किम भवन तथा अन्य निर्माण श्रमिक कल्याण बोर्डको तत्वावधानमा सोकेथाङस्थित श्रम भवनको परिसरमा सफाई अभियान सञ्चालन गर्यो। यस पहलको उद्देश्य वरपरको क्षेत्र सफा राख्नु र सबैको वातावरणीय जिम्मेवारीलाई प्रवर्धन गर्नु थियो।

यस अभियानमा सबै अधिकारीहरू, कर्मचारी सदस्यहरु र दर्ता भएका निर्माणकर्मीहरूको सक्रिय सहभागिता देखियो जसले सामूहिक रूपमा परिसर सफा राख्नु पर्छ भन्ने कुरा सुनिश्चित गर्दै कर्मचारी तथा आगन्तुक दुवैको लागि स्वच्छता कायम राख्नमा जोड दिए।

**साहित्यकार प्रवीण राई 'जुमेली' लाई शिवकुमार राई स्मृति पुरस्कार**

दक्षिण सिक्किम साहित्य सम्मेलनले आगामी 24 मार्चका दिन आफ्नो 31औं स्थापना दिवसका अवसरमा प्रदान गरिने नेपाली साहित्य सम्मान तथा विभिन्न विधागत पुरस्कारहरूको घोषणा गरेको छ। यस वर्षको शिवकुमार राई स्मृति पुरस्कार-2026 (साहित्य) सोरेङ जिल्लाका जुम निवासी वरिष्ठ साहित्यकार प्रवीण राई 'जुमेली' लाई प्रदान गरिने घोषणा गरेको छ। त्यस्तै कवि अगमसिंह तामाङ प्रतिभा पुरस्कार-2026 दोदक, सोरेङ निवासी युवा साहित्यकार कैलाश गुरुङलाई प्रदान गरिनेछ । चित्रकला तर्फको एल्डी राई 'मिक्खोले' प्रतिभा पुरस्कार गान्तोक जिल्लाको स्यारी निवासी वरिष्ठ महिला चित्रकार दीपा राईलाई प्रदान गरिने घोषणा गरिएको छ भने संगीत विधा तर्फको बलि सुब्बा 'बसन्त' प्रतिभा पुरस्कार थर्पु सोरेङ निवासी गायक धर्मेन्द्र भण्डारीलाई प्रदान गरिने निर्णय गरिएको छ। यसैगरी सम्मेलनले सिक्किम तथा देशका अन्य भागका विशिष्ट साहित्यकारहरुलाई नेपाली

साहित्य सम्मान-2026 प्रदान गर्ने जनाएको छ। सम्मान प्राप्त गर्नेहरूमा असमका वरिष्ठ साहित्यकार मित्रदेव शर्मा, दार्जिलिङकी वरिष्ठ साहित्यकार डा. नीना राई तथा नाम्ची (सिक्किम) जिल्लाको काजिटार निवासी वरिष्ठ साहित्यकार कमल सापकोटा रहेका छन् ।सम्मेलनका अनुसार उल्लेखित सबै पुरस्कार तथा सम्मान 24 मार्चमा आयोजना हुने स्थापना दिवस समारोहका अवसरमा प्रदान गरिनेछ।

**SRLM: लाल बजारमा स्वयं सहायता समूह उत्पादन बिक्री केन्द्रको उद्घाटन**

सिक्किम सरकारको ग्रामीण विकास विभाग अन्तर्गत सिक्किम राज्य ग्रामीण जीविकोपार्जन मिसन ले आज गान्तोकको लाल बजारको पाँचौं तल्लामा स्वयं सहायता समूह द्वारा बनाइएका उत्पादनहरूको लागि एकत्रीकरण र बिक्री केन्द्रको उद्घाटन गर्यो। ग्रामीण विकास तथा सहकारी विभागका मन्त्री अरुण कुमार उप्रेतीले यस केन्द्रको औपचारिक उद्घाटन गर्नुभयो जसको प्राथमिक उद्देश्य सिक्किमभरि स्वयं सहायता समूहहरुद्वारा उत्पादित उत्पादनहरूको प्रदर्शन र बिक्रीको लागि समर्पित मंच प्रदान गर्नु हो।

**ICAR-कृषि विज्ञान केन्द्र, पूर्वी सिक्किमले 2025-26 को लागि वैज्ञानिक सल्लाहकार समितिको बैठक आयोजना गर्यो**

भारतीय कृषि अनुसन्धान परिषद् (ICAR)-कृषि विज्ञान केन्द्र (KVK), र पूर्वी सिक्किमको वैज्ञानिक सल्लाहकार समितिको बैठक आज ICAR सिक्किम केन्द्र, ताडोङमा सफलतापूर्वक सम्पन्न भयो। बैठकको अध्यक्षता केन्द्र प्रमुख डा. अशोक कुमारले गर्नुभएको थियो।